धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क २७ ◆ २०८३ साउन २७ गते बुधबार, Wednesday, August 12, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

ग्यास अभावप्रति सांसद आशिका तामाङको कवितामार्फत व्यङ्ग्य

## हातमा क्यास, बजारमा छैन ग्यास भन्दै आपूर्ति र वितरण व्यवस्थामाथि प्रश्न

*प्रत्यूष समाचारदाता*



धादिङबेशी । सांसद आशिका तामाङले बजारमा देखिएको खाना पकाउने एलपी ग्यास अभाव र वितरणमा देखिएको असमानताप्रति कवितामार्फत व्यङ्ग्य गरेकी छन् । 'हातमा क्यास, बजारमा छैन ग्यास' भन्ने पंक्तिसहित उनले सर्वसाधारणले ग्यास सिलिन्डर पाउन भोग्नुपरेको समस्या र सरकारको आपूर्ति व्यवस्थापनप्रति प्रश्न उठाएकी हुन् ।

तामाङले कविता प्रस्तुत गर्दै ग्यास नपाउँदा सर्वसाधारणको दैनिक खानपान नै प्रभावित हुने अवस्था रहेको उल्लेख गरिन् । पैसा भएर पनि बजारमा ग्यास नपाउने तर पहुँच भएकाहरूले एकैपटक तीनवटासम्म सिलिन्डर लैजान सक्ने अवस्था रहेको भन्दै उनले वितरण प्रणालीप्रति व्यङ्ग्य गरिन् ।

उनले ग्यास अभावका कारण एउटा परिवारले धेरै सिलिन्डर लैजाँदा अर्को परिवारमा अभाव सिर्जना हुने अवस्थालाई कवितामा समेटेकी छन् । सरकारले ग्यास पर्याप्त हुने बताइरहे पनि सर्वसाधारण खाली सिलिन्डर बोकेर विभिन्न ठाउँमा धाउन बाध्य भएको उनको भनाइ छ । तामाङले थानकोटका उपभोक्तासमेत खाली सिलिन्डर बोकेर बालाजु र टेकुसम्म पुग्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै उपभोक्ताले भोगिरहेको सास्तीलाई कवितामार्फत प्रस्तुत गरिन् ।

कविताको अन्त्यमा उनले ग्रामीण जीवनको प्रसङ्ग जोड्दै हिमालको फेदी र पाखापखेरामुनि कहिले 'ग्यास भर्ने पँधेरो' बन्ने हो भन्दै व्यङ्ग्य गरेकी छन् । उनको कविताले ग्यासको सहज उपलब्धता, समान वितरण र उपभोक्ताले भोगिरहेको समस्यालाई केन्द्रमा राखेको छ ।

## ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधनमा भाडा छुटको प्रभावकारी कार्यान्वयन गराउन पहल

*प्रत्यूष समाचारदाता*

काठमाडौं । ज्येष्ठ नागरिकले सार्वजनिक सवारीसाधनमा कानुन बमोजिम पाउनुपर्ने ५० प्रतिशत भाडा छुट र कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारी कार्यान्वयन गराउनुपर्नेमा जोड दिइएको छ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९ मा ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिकस्थलमा आवश्यक सेवा, सुविधा र सहयोग प्रदान गर्नु सबैको कर्तव्य हुने व्यवस्था छ ।

सोही व्यवस्थाअनुसार नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको किसिमका सार्वजनिक सवारी साधनमा सम्बन्धित सवारी धनी वा सञ्चालकले ज्येष्ठ नागरिकका लागि कम्तीमा दुई वटा सिट सुरक्षित राख्नुपर्ने र यातायात भाडा दरमा कम्तीमा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था रहेको छ । कानुनी व्यवस्था हुँदाहुँदै अधिकांश ज्येष्ठ नागरिकले सार्वजनिक सवारीसाधनमा छुट नपाएको गुनासो मन्त्रालयमा प्राप्त भएपछि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीको निर्देशनमा मन्त्रालयले यस विषयलाई प्राथमिकताका साथ अघि बढाएको हो ।

ज्येष्ठ नागरिकले कानुन बमोजिम प्राप्त गर्नुपर्ने छुट तथा सुविधा प्रभावकारी रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउन सामाजिक सुरक्षा मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई औपचारिक पत्र पठाउँदै आवश्यक सहयोग र सहजीकरणका लागि अनुरोध गरेको छ । मन्त्री वादीको निर्देशनमा मन्त्रालयले ज्येष्ठ नागरिकको अधिकार, सम्मान र सामाजिक सुरक्षालाई व्यवहारमै सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राख्दै कानुनमा व्यवस्था भएका सुविधा कागजमा मात्र सीमित नराखी




प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएको हो ।

मन्त्रालयको यो पहलसँगै सार्वजनिक यातायातमा ज्येष्ठ नागरिकका लागि कानुनले सुनिश्चित गरेको ५० प्रतिशत भाडा छुट र कम्तीमा दुई वटा आरक्षित सिटको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुने तथा ज्येष्ठ नागरिकले आफ्नो अधिकार सहज रूपमा उपभोग गर्न पाउने वातावरण निर्माण हुने अपेक्षा गरिएको छ ।

## प्रहरीमा भर्ना गरिदिन्छु भन्दै ठगी गर्ने पक्राउ

काठमाडौं । प्रहरीमा भर्ती गराइदिने भन्दै रु १० लाख ठगी गरेको अभियोगमा एक जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा पर्वत फलेवास नगरपालिका-१ का हरिबहादुर रसाइली रहेका छन् ।

उनले आफ्नो गृहमन्त्रालयको विशिष्ट अधिकारीसँग राम्रो सम्बन्ध रहेको, अन्तर्वार्तामा नाम प्रकाशित गरीदिन्छु भन्दै ठगी गरेको पाइएको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक रामेश्वर कार्कीका अनुसार रसाइलीलाई बबरमहलबाट पक्राउ गरिएको हो । उनको थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो । यस्तै, रसाइली बैङ्किङ कसुरसम्बन्धी मुद्दामा फरार देखिएको प्रहरीले जनाएको छ ।

## सञ्चार माध्यममा आदिवासी जनजातिका सवालले महत्व पाउनुपर्नेमा जोड

*प्रत्यूष समाचारदाता*

काठमाडौं । मूलधारको सञ्चारमाध्यममा आदिवासी जनजातिका मुद्दाले प्राथमिकता पाउनुपर्नेमा नेपाल पत्रकार महासङ्घका नेतृत्वकर्ता र पत्रकारिताका अगुवाहरूले जोड दिएका छन् ।

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को २७औं वार्षिकोत्सवका अवसरमा मंगलबार आयोजित तेस्रो अन्तरराष्ट्रिय मातृभाषा पत्रकारिता सम्मेलन-२०२६ को दोस्रो दिन आयोजित 'मेनस्ट्रिम मिडियामा आदिवासी जनजातिका मुद्दा' विषयक सत्रमा महासङ्घका अध्यक्ष निर्मला शर्माले सम्पादकीय तहमा आदिवासी जनजाति सवालका 'कन्टेन्ट' बढाउन पर्याप्त चासो बढाउनुपर्ने बताउनुभयो । अध्यक्ष शर्माले एजेण्डा सेटिङमा मात्रै नभई मेनस्ट्रिम मिडियालाई समावेशी बनाउन आफूहरू लागिरहेको बताउँदै मिडियालाई समावेशी बनाउन महासङ्घको विधानसमेत समावेशी बनाइएको उल्लेख गर्नुभयो ।

महासङ्घका पूर्वअध्यक्ष धर्मेन्द्र झाले आदिवासी जनजाति समुदायका पत्रकारले आफ्नो पहिचानसँगै क्षमता विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । विषय विज्ञ जगत बरामले आदिवासी जनजाति मुद्दालाई मूलधारका मिडियाले पर्याप्त कभरेज नगरेको गुनासो गर्नुभयो । आदिवासी जनजाति दिवसका अवसरमा खिचिएका तस्बिरहरू मिडियामा आए पनि ती तस्बिरको महत्व र त्यससँग जोडिएका विषयवस्तुलाई समाचारका रूपमा बाहिर ल्याउने काम नभएको उहाँको भनाइ थियो । प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालले भाषाभाषीका पत्रपत्रिकाको प्रकाशनलाई टेवा पुर्याउन पुरस्कारको व्यवस्था गरिएको जानकारी दिनुभयो ।

फोनिजका सल्लाहकार खिम घलेले समाजको विविधीकरणको तुलनामा सञ्चारमाध्यममा समावेशीकरणको मुद्दाले उचित स्थान नपाएको बताउनुभयो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमबाट सोमबार उद्घाटित सम्मेलनअन्तर्गत विभिन्न सत्रहरू सञ्चालन भएको र बुधबार समापन गरिने फोनिजका कोषाध्यक्ष अर्जुनबहादुर तामाङले जानकारी दिनुभयो ।

## डा विमलको निधनले नेपालले एउटा धरोहर गुमायोः मन्त्री पौडेल

जनकपुरधाम । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल 'गनेस' ले स्रष्टा, भाषाविद् तथा शिक्षाविद् डा राजेन्द्रप्रसाद विमलको निधनबाट नेपालले एउटा धरोहर गुमाएको बताउनुभएको छ ।

स्वर्गीय डा विमललाई श्रद्धाञ्जली दिन मंगलबार जनकपुरधाम आउनुभएका मन्त्री पौडेलले उहाँको निधनसँगै नेपाली साहित्य, भाषा तथा संस्कृति क्षेत्रमा अपूरणीय क्षति पुगेको बताउनुभयो । उहाँले डा विमलको निधनले नेपाल नै स्तब्ध भएको उल्लेख गर्दै उहाँको योगदानलाई सदैव स्मरण गरिने बताउनुभयो ।

मन्त्री पौडेलले सबै नागरिकलाई समदृष्टिमा राख्ने अद्भुत क्षमता भएका डा विमल आदर्शवादी व्यक्तित्वका रूपमा स्थापित रहेको स्मरण गर्नुभयो । उहाँले डा विमल आफ्ना लागि साहित्यका गुरुजस्तै रहेको उल्लेख गर्नुहुँदै जनकपुरबाट आफूले उहाँबाट धेरै कुरा सिक्ने अवसर पाएको बताउनुभयो ।

लामो समयदेखि मधुमेह तथा उच्च रक्तचापबाट पीडित डा विमलको सोमबार राति करिब १२:४५ बजे जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा निधन भएको थियो ।

स्वर्गीय डा. विमलको पार्थिव शरीरमा मन्त्री पौडेलसहित मधेस प्रदेशका प्रमुख सुरेन्द्रलाभ कर्ण, मधेस प्रदेशसभाका सभामुख रामअशिष यादव, प्रतिनिधिसभा सदस्य मनिष झा, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललगायतले श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

डा विमल मैथिली तथा नेपाली साहित्य, भाषा, शिक्षा र संस्कृतिका क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएका विशिष्ट स्रष्टा तथा विद्वानका रूपमा स्थापित हुनुहुन्थ्यो ।

## पृथ्वीचोकको फुटपाथ खाली, अब बसपार्कबाटै बस छुट्ने

कास्की । पोखराको पृथ्वीचोकमा वर्षौंदेखि सडक पेटी तथा फुटपाथबाट सञ्चालन हुँदै आएका लामो तथा छोटो दूरीका बस आजदेखि बसपार्कभित्रबाटै छुट्न सुरु गरेका छन् । सडक पेटीमा हुँदै आएको बस पार्किङ तथा यात्रु चढाउने-झार्ने कार्य हटाएर बसपार्कभित्रैबाट सेवा सञ्चालन गर्न सुरु गरिएको हो ।

सडक पेटी र फुटपाथमा बस तथा अन्य सवारीसाधनको अव्यवस्थित पार्किङका कारण पृथ्वीचोकदेखि चाइनापुलसम्मको क्षेत्र लामो समयदेखि अस्तव्यस्त रहँदै आएको थियो । फुटपाथसमेत बस सञ्चालन र यात्रु चढाउने-झार्ने कार्यमा प्रयोग हुँदा पैदलयात्रुले सास्ती खेप्दै आएका थिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख सुजितकुमार देवकोटाले पोखरा महानगरपालिकाभित्र सञ्चालन हुने नगर बसबाहेक जिल्ला बाहिर जाने तथा लामो दूरीका सबै बस बसपार्कभित्रबाटै सञ्चालन हुने व्यवस्था गरिएको बताउनुभयो । "जिल्ला बाहिर जाने र लामो दूरीका बसले सडकमा रोकेर यात्रु पर्खने, चढाउने र झार्ने गर्न मिल्दैन । यातायात व्यवसायीको सहयोगमा यसलाई व्यवस्थित गर्न खोजेका हौं । यसबाट पृथ्वीचोकको अव्यवस्था हट्नुका साथै ट्राफिक व्यवस्थापन सहज हुनेछ", उहाँले भन्नुभयो ।

बसपार्क अगाडि रहेका यातायात समितिका अव्यवस्थित टिकट काउन्टरसमेत हटाइने ट्राफिक प्रहरीले जनाएको छ । यसअघि पोखरा महानगरपालिकाले दुई वर्षअघि फुटपाथ तथा सडकबाट पार्किङ हटाएर बसपार्कभित्रैबाट बस सञ्चालन गर्ने प्रयास गरे पनि प्रभावकारी हुन सकेको थिएन । अब भने नियमित अनुगमन गरी निर्णय कार्यान्वयन गरिने ट्राफिक प्रहरीको भनाइ छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका वरिष्ठ उपाध्यक्ष तथा पृथ्वी राजमार्ग बस कम्पनी प्रालिका अध्यक्ष एनकुमार साइले व्यवस्थित पोखरा निर्माणमा यातायात व्यवसायीको पूर्ण सहयोग रहने बताउनुभयो । उहाँले विगतमा बसपार्कभित्र पर्याप्त व्यवस्थापन नभएकाले सडक पेटीबाटै बस सञ्चालन गर्नुपर्ने बाध्यता रहेको बताउँदै अहिले बसपार्क भित्रको अवस्था केही सहज भएकाले त्यहींबाट सेवा सञ्चालन गर्न व्यवसायी तयार रहेको जानकारी दिनुभयो ।

पोखरा पर्यटकीय राजधानी भएकाले यसलाई सुन्दर र व्यवस्थित बनाउन यातायात व्यवसायीको पनि जिम्मेवारी छ । हाम्रा चालक तथा कर्मचारीलाई बसपार्कभित्रैबाट यात्रु चढाउने र झार्ने व्यवस्था गर्न निर्देशन दिइसकेका छौं", अध्यक्ष साइले भन्नुभयो ।

पोखरा महानगरपालिकाले दुई महिनाअघि बसपार्कभित्र रहेका केही व्यापारिक संरचना हटाएपछि बसपार्क क्षेत्र केही व्यवस्थित बनेको छ ।

## सम्पादकीय ....

### कुरा सुशासनको

सबैभन्दा पहिले एउटा सैद्धान्तिक स्पष्टता आवश्यक छ । सुशासनको आधारभूत मान्यता के हो भने अहिले भइरहेको शासन ठीक छैन, त्यसलाई सुधार गर्नुपर्छ । यससँगै अर्को धारणा पनि जोडिएको हुन्छ–कानून कडा हुनुपर्छ, सबैका लागि बराबर हुनुपर्छ र यसको कार्यान्वयनमा कुनै ढिलाइ हुनु हुँदैन ।

स्वशासनमा आफ्नोपन, मर्यादा र सहानुभूति हुन्छ । कमजोरका लागि ठाउँ बनाइन्छ । त्यसैले यदि कुनै सत्ता आफूलाई सुशासनको वाहक ठान्छ भने उसले कडा प्रवृत्ति देखाउनु अस्वाभाविक होइन । संसारका धेरै निरंकुश शासकले पनि 'थिति बिग्रियो, विधि भएन, अब कडा कानून र कडा शासक चाहिन्छ' भन्दै आफूलाई सुशासनको पक्षधरका रूपमा प्रस्तुत गर्छन् ।

मानिसलाई बाँच्न आशा चाहिन्छ–मैले दुःख गरें भने मेरा बालबच्चाको भविष्य राम्रो होला, हिजो नराम्रो थियो तर संघर्ष गरेर यहाँसम्म आइपुगें भन्ने विश्वास चाहिन्छ । जब त्यो सबै गुम्ने परिस्थिति आउँछ र गहिरो निराशाले घेर्छ, तब मात्र मानिसले आत्महत्या वा आत्मदाहबारे सोच्न थाल्छ ।

यस्तो कदम चाल्ने व्यक्तिको मनमा 'मेरो यो त्यागले सत्तामा रहेका मानिसको नैतिक चेत जाग्ला कि' भन्ने आशा पनि हुन सक्छ । त्यसैले आत्महत्यालाई अपराधका रूपमा मात्र हेर्नु पर्याप्त हुँदैन । निःसन्देह, जीवन अमूल्य छ र त्यसलाई जोगाउन संघर्ष गर्नुपर्छ । तर, इतिहासमा अनशनजस्ता शान्तिपूर्ण प्रतिरोधका रूपहरू यही नैतिक अपीलको भावनाबाट जन्मिएका हुन् । तर, अहिलेको सत्ता नैतिकतामुक्त जस्तो देखिन्छ । एउटा अनैतिक हुन्छ, जसले नैतिकताको सीमा नाघेर काम गर्छ, अर्को नैतिक हुन्छ, जसले नैतिक मूल्यअनुसार व्यवहार गर्छ । तर, अहिलेको प्रवृत्ति 'नैतिक' वा 'अनैतिक' भन्दा पनि 'निर्नैतिक' देखिन्छ–अर्थात्, स्थापित नैतिकताले आफूलाई नबाँध्ने । यस्तो अवस्थामा आत्मदाह वा आत्महत्याजस्ता घटनाले शासकमा नैतिक संवेदना जगाउने सम्भावना पनि कम हुन्छ ।

बुर्जुवा अवधारणाले वर्ग समन्वयको कुरा गर्छ, मार्क्सवादीहरूले वर्ग संघर्षको । तर, यी दुईको बीचमा वर्ग समझदारी भन्ने पनि एउटा कुरा हुन्छ–अर्को वर्गको ठाउँमा आफूलाई राखेर सोच्ने । यदि सुकुम्बासीको ठाउँमा आफूलाई राखेर उसका दुःख, दुर्गन्ध, अभाव र संघर्षलाई बुझ्ने हो भने केवल नियम र कानूनका नाममा यति कडा कदम चाल्ने साहस आउँदैन ।

पीडितले पनि जब यो महसुस गर्छ कि यस सत्ताले हाम्रो त्याग बुझ्दैन, यससँग नैतिकताको कुनै परिभाषा छैन, तब उसलाई आफ्नो आत्महत्या वा आत्मदाह पनि व्यर्थ जान्छ जस्तो लाग्न सक्छ । यदि दुवै पक्षले एकअर्काको ठाउँमा आफूलाई राखेर गम्भीरतापूर्वक सोच्ने प्रयास गरेका भए सायद यस्तो अवस्था आउने थिएन ।

फुटपाथ व्यवसायीलाई लखेट्ने, साइकलमा सामान बेच्नेलाई जरिवाना मात्र होइन, कुटपिट गरेर पठाउने, साना व्यवसायीका सामान ट्रकमा हालेर फाल्नेजस्ता व्यवहारले सामान्य प्रशासनिक कारवाहीभन्दा पर गएर प्रहरी-शासनको रूप लिन थालेको छ । 'आतंक' शब्द अलि कडा होला । तर, महानगरले यस्तो छवि निर्माण गर्नु आवश्यक थिएन ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## अतिरिक्त खर्च कटौती र आक्रामक बजारीकरण : नाफाको बाटोमा डिडिसी

*कमलकुमार बस्नेत*

स्पष्ट नीति, अनावश्यक खर्च व्यवस्थापन गर्दै इमान्दारिताका साथ काम गर्ने हो भने वर्षौंदेखि घाटामा रहेको एउटा संस्थान कसरी छोटो समयमै नाफा आर्जन गर्न सक्छ भन्ने उदाहरण भनेको छ, दुग्ध विकास संस्थान (डिडिसी) ।

प्रधानमन्त्री बालेन्द्र शाहले केही दिनअघि सामाजिक सञ्जालबाट डिडिसीसम्बन्धी केही तथ्याङ्क प्रस्तुत गरेसँगै डिडिसी अहिले कसरी दैनिक नाफा आर्जन गरिरहेको छ भन्ने सबैको चासो बनेको छ । यसबारे हामीले डिडिसीका महाप्रबन्धक डा शरणकुमार पाण्डेसँग कुराकानी गरेका छौं ।

डा पाण्डेका अनुसार डिडिसीले हाल ४४ वटा जिल्लाबाट दैनिक रूपमा विभिन्न सङ्कलन केन्द्रमा ६१ हजार लिटरको हाराहारीमा दूध सङ्कलन गरिरहेको छ भने ८० हजार लिटर दूध बिक्री गरिरहेको छ । जसमध्ये १९ हजार लिटर दूध विगतमा रहेको मौज्दातबाट खपत भइरहेको उहाँको भनाइ छ ।

"गत वैशाख १८ गते मैले व्यवस्थापन सम्हाल्दा ६०० टन पाउडर दूध र ४५० टन बटर मौज्दात थियो, अहिले त्यो घटेर पाउडर दूध १४० टन र बटर १३५ टनमा झरेको छ", महाप्रबन्धक पाण्डेले भन्नुभयो, "मौज्दात रहेको दूध र बटरको खपत बढाउँदा बिक्री पनि बढेको छ ।"

डिडिसीले किसानबाट चार प्रतिशत फ्याट भएको दूध खरिद गर्छ । त्यसलाई 'स्ट्यान्डर्डाइज' गरेर दुई प्रकारका दूध बिक्री गरिन्छ । बजारमा प्रतिलिटर रु १३० मा पर्ने दूधमा पाँच प्रतिशत फ्याट हुन्छ भने प्रतिलिटर रु १०० पर्ने दूधमा तीन प्रतिशत फ्याट हुन्छ । दैनिक बिक्रीमा रु १३० पर्ने दूधको हिस्सा औसत सात हजार लिटर छ भने रु १०० पर्ने दूधको हिस्सा औसतमा ७३ हजार लिटर छ ।

डिडिसीले किसानसँग प्रतिलिटर रु ६६ मा दूध खरिद गर्छ । जसमा ढुवानी, सहकारी व्यवस्थापनलगायत खर्च जोड्दा दूधको प्रारम्भिक लागत करिब ७० रूपैयाँ पुग्छ । तर किसानबाट खरिद गरिने दूधमा रहेको अतिरिक्त फ्याटलाई छुट्टै प्रशोधन गरी बटर तथा घिउ उत्पादनमा प्रयोग गरिने भएकाले दूधको वास्तविक लागत गणना प्रतिलिटर रु सातले कम हुन्छ । अर्थात् प्रतिलिटर ६४ रूपैयाँसम्ममा डिडिसीसम्म आइपुग्छ ।

त्यसपछि प्रशोधन, प्याकेजिङ, चिस्यान, ढुवानी, कर्मचारी तथा मेसिन सञ्चालनलगायत खर्च जोड्दा तीन प्रतिशत फ्याट भएको दूध तयार गर्दा प्रतिलिटर अधिकतम रु १५ देखि १८ रूपैयाँसम्म जोडिन्छ । यसरी उक्त दूधको 'कस्ट अफ प्रोडक्सन' प्रतिलिटर रु ८२ पुग्छ । डिडिसीले यो दूध डिलरलाई प्रतिलिटर ९२ रूपैयाँमा बिक्री गर्छ । अर्थात् प्रतिलिटर रु १० नाफा गर्छ । डिडिसीले अहिले दैनिक रूपमा ७३ हजार लिटर दूध बिक्री गर्छ । यसरी प्रतिलिटर रु १० नाफा गर्दा कम्पनीले रु सात लाख ३० हजार नाफा गर्दै आएको छ ।

डिडिसीले पाँच प्रतिशत फ्याट भएको दूध रु १५ थप गरी बिक्री गर्छ । जसमा एक प्रतिशत फ्याटलाई रु सात दशमलव पाँचका दरले मूल्य थप हुन्छ । प्रतिलिटर रु ८२ को दूधमा रु १५ थप हुँदा 'कस्ट अफ प्रोडक्सन' रु ९७ पुग्छ । डिडिसीले डिलरलाई यो दूध प्रतिलिटर रु १२० मा बिक्री गर्छ र उपभोक्ताले रु १३० मा खरिद गर्छन् । यो भनेको दैनिक रु एक लाख ६१ हजार नाफा हो ।

यसरी हेर्दा डिडिसीले दैनिक ८० हजार लिटर दूध बिक्रीबाट दैनिक रु आठ लाख ९१ हजार नाफा आर्जन गरिरहेको छ । यो नाफा दूध बिक्रीको मात्रै प्रारम्भिक मार्जिन हो । बटर, घिउ, दही, आइसक्रिम, मोहीलगायत अन्य दुग्धजन्य पदार्थको बिक्रीबाट हुने आम्दानी यसमा समावेश छैन । हाल डिडिसीको कूल बिक्रीमा करिब ८५ प्रतिशत हिस्सा दूधको र बाँकी १५



प्रतिशत हिस्सा अन्य दुग्धजन्य पदार्थको रहेको महाप्रबन्धक डा पाण्डेले बताउनुभयो । विगतमा अन्य उत्पादनको बिक्री न्यून हुँदा दूधमै अत्यधिक निर्भर रहेको संस्थानले अहिले बटर, पाउडर, घिउलगायत स्टक बजारमा बिक्री बढाएपछि आम्दानीमा सुधार आएको संस्थानको भनाइ छ । संस्थानका अनुसार हाल देशभर करिब ४५ वटा सङ्कलन केन्द्रबाट दूध सङ्कलन भइरहेको छ भने बालाजु मातहत मात्रै करिब १८ वटा सङ्कलन केन्द्र छन् ।

#### किसानलाई ६० करोड भुक्तानी

संस्थानले दूध तथा दुग्धजन्य पदार्थको बिक्रीबाट प्राप्त आम्दानीलाई परिचालन गरी किसानको बक्यौता भुक्तानीसँगै पुरानो ऋणसमेत घटाउँदै लगेको छ । जसमा नयाँ व्यवस्थापन आउँदा किसानको आठ महिनाको भुक्तानी (रु ७२ करोड) बाँकी रहेकामा अहिले त्यो दुईदेखि तीन महिना (रु ३५ करोड)मा सीमित भएको छ । यस अवधिमा डिडिसीले रु ६० करोड किसानलाई भुक्तानी गरिसकेको छ । जसमा सरकारबाट प्राप्त अनुदान रकम छैन । डिडिसीले अब उक्त भुक्तानीलाई एक महिनामा झार्ने लक्ष्य अनुरूप काम गरिरहेको जनाएको छ ।

अनावश्यक खर्च कटौती, कर्मचारीको सुविधामा कटौती, सस्तो मूल्यमा दूध खरिद, कुशल व्यवस्थापन र बिक्रीमा आएको बढोत्तरीले आम्दानी बढेपछि किसानलाई भुक्तानी गर्न पनि सहज भएको डिडिसीको भनाइ छ । डिडिसीले यस अवधिमा आम्दानी गरेर करिब रु तीन करोड ऋणसमेत तिरिएको महाप्रबन्धक डा पाण्डेले बताउनुभयो । यस अवधिमा निजी क्षेत्रसँगको समन्वयमा काठमाडौं उपत्यकामा आठ वटा 'डेडिकेटेड सेल्स काउन्टर' खोलिएको छ । बक्यौता असुलीमा पनि दृढताका साथ काम भइरहेको छ ।

डिडिसीले पछिल्लो समय दूधको दैनिक बिक्रीसमेत बढेको जनाएको छ । असार मसान्तसम्म दैनिक करिब ६०-६२ हजार लिटर दूध बिक्री गर्दै आएको संस्थानले यही साउन पहिलो सातादेखि औसत बिक्री ८० हजार लिटर पुर्याएको छ । यसबाट बिक्री आम्दानी दैनिक रु ६० लाख बढेर रु ९० लाख पुगेको छ । साथै यसबाट आएको थप रकमलाई शतप्रतिशत किसानको भुक्तानीमा खर्च गरिएको डिडिसीको भनाइ छ ।

## डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै

काठमाडौं । डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै गएको छ ।

वित्तीय प्रविधि (फिनटेक) र डिजिटल भुक्तानीमा मात्र सीमित नरही कन्टेन्ट क्रिएसन, गिग इकोनोमी, एल्गोरिदमलगायत क्षेत्रमा विस्तारभइ फराकिलो हुँदै गएको विज्ञहरूले बताएका छन् ।

राष्ट्रिय सभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित 'डिजिटल अर्थतन्त्र' सम्बन्धी मंगलबारको छलफलमा विज्ञ रमाकान्त पाण्डेले डिजिटल अर्थतन्त्रको प्रभाव नेपाली बजारमा प्रभावकारी देखिएको बताउनुभयो ।

उहाँले कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरको गतिविधिले अर्थतन्त्रमा प्रभाव पार्न थालेको उल्लेख गर्दै डिजिटल प्रविधिको विकाससँगै नयाँ प्रकारका व्यवसाय र रोजगारीका क्षेत्र सिर्जना भइरहेको बताउनुभयो ।

"हिजो हामीले फिनटेक र डिजिटल मनीलाई मात्रै डिजिटल अर्थतन्त्रको रूपमा हेरिरहेका थियौं, अहिले त्यो संरचनाबाट बाहिर आएका छौं," उहाँले भन्नुभयो । विज्ञ दिनेश बिष्टले डिजिटल अर्थतन्त्रमा नेपालको भविष्य राम्रो भए पनि डिजिटल पूर्वाधार, फाइभजी नेटवर्क तथा कानुनी संरचनामा सुधार आएको बताउनुभयो ।

उहाँले डिजिटल सार्वजनिक पूर्वाधार (डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर) निर्माणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो । "एउटा विद्यालय वा अस्पतालमा भएको डेटा अर्को निकायले लिन पाउने अधिकार छ कि छैन भन्ने विषयमै स्पष्ट कानुनी व्यवस्था आवश्यक छ," विष्टले भन्नुभयो । "बैंकले ऋण दिन लालपुर्जा माग्छ । लालपुर्जा भूमि सुधारसम्बन्धी निकायसँग छ भने नागरिकसँग माग्नुको सट्टा सम्बन्धित निकायबाटै विवरण प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ," उहाँले भन्नुभयो ।

उहाँले कम्पनी दर्ताको उदाहरण दिँदै प्रत्येक वर्ष हजारौं कम्पनी दर्ता हुने र त्यस क्रममा विभिन्न निकायबीच धेरै चरणमा विवरण प्रमाणीकरण तथा आदानप्रदान गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । डेटा एक्सचेन्ज प्लेटफर्म निर्माण गर्न सके कम्पनी दर्तालगायत सेवामा लाग्ने समय उल्लेख्य रूपमा घटाउन सकिने उहाँको भनाइ थियो ।

"डेटा एक्सचेन्ज प्लेटफर्म ल्याउन सक्यौं भने कम्पनी दर्तामा लाग्ने समय बचत गर्न सकिन्छ," उहाँले भन्नुभयो ।

उहाँले व्यक्तिगत डेटा संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय अभ्यासको उदाहरण दिँदै नागरिकको व्यक्तिगत विवरण अनधिकृत रूपमा प्रयोग वा चुहावट भएमा सम्बन्धित निकाय जवाफदेही हुने व्यवस्था आवश्यक रहेको बताउनुभयो ।

डिजिटल अर्थतन्त्रको विकासका लागि प्रविधि र पूर्वाधारसँगै डेटा सुरक्षा, अन्तरसरकारी निकायबीच डेटा आदानप्रदान, डिजिटल सुशासन तथा आवश्यक कानुनी संरचनालाई प्राथमिकतामा राख्नुपर्नेमा छलफलका सहभागीले जोड दिएका थिए ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## शिक्षामन्त्री पोखरेलद्वारा समावेशी शिक्षाबारे सरोकारवालासँग छलफल

काठमाडौं। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले समावेशी शिक्षा सञ्चालन तथा व्यवस्थापनका विषयमा सरोकारवालासँग छलफल गर्नुभएको छ।

सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा मंगलबार आयोजित छलफलमा प्रतिनिधिसभाका सदस्यहरू, शारीरिक अपाङ्गता भएका व्यक्तिहरू, शारीरिक अपाङ्गता भएका शिक्षकहरू, अपाङ्गता अधिकारकर्मी, अगुवा सङ्गठनका पदाधिकारी तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो।

छलफलमा समावेशी शिक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड स्वीकृति, दृष्टिविहीन तथा अन्य अपाङ्गता भएका शिक्षकका सवाल, दृष्टिविहीन, बहिरा तथा श्रवणवृद्धि भएका व्यक्तिसम्बन्धी विषय तथा विशेष शिक्षा परिषद्सम्बन्धी विषयमा छलफल भएको थियो।

समावेशी शिक्षा कार्यान्वयनका क्रममा देखिएका नीतिगत तथा व्यावहारिक समस्या, अपाङ्गता भएका शिक्षकहरूले भोग्दै आएका समस्या र तिनको समाधानका लागि आवश्यक नीतिगत व्यवस्थाबारे सहभागीहरूले आफ्ना धारणा तथा सुझाव प्रस्तुत गर्नुभएको थियो।

सहभागीहरूले अपाङ्गता भएका शिक्षकहरूको पेसागत अधिकार, सेवा-सुविधा, विद्यालयमा पहुँच तथा समावेशी शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्नुपर्नेमा जोड दिएका थिए।

साथै, समावेशी शिक्षा सञ्चालन तथा व्यवस्थापन मापदण्ड शीघ्र स्वीकृत गरी लागू गरिनुपर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा विधेयक अपाङ्गमैत्री बनाइनुपर्ने तथा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सामग्री, मूल्याङ्कन प्रणाली लागू गरिनुपर्नेमा उहाँहरूको जोड थियो।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सरोकारवालाबाट प्राप्त सुझाव र अनुभवलाई मन्त्रालयले गम्भीरतापूर्वक लिने बताउँदै समावेशी शिक्षालाई प्रभावकारी बनाउन आवश्यक नीतिगत पहल गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

सो क्रममा बोल्नुहुँदै उहाँले शिक्षा ऐन बनिरहेको तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप पनि संशोधनको प्रक्रियामा रहेको सन्दर्भमा यस किसिमको छलफल सान्दर्भिक रहेको भन्दै आगामी दिनमा नीति कानुन बनाउने क्रममा जति पनि आएका विषयलाई सम्बोधन गर्न छलफललाई निरन्तरता दिने बताउनुभयो। सांसद सरिता महतोले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सुनिश्चितताका लागि नीतिगत सुधारका साथै कार्यान्वयनका रोडम्यापका साथ अघि बढ्नुपर्ने बताउनुभयो।

सांसद गङ्गा छन्त्यालले शारीरिक रूपमा अपाङ्गता भएका व्यक्तिहरूको सहजताका लागि नीतिगत र संरचनागत सुधारको खाँचो औँल्याउनुभयो। शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले शिक्षा प्रणाली सुधारमा मन्त्रालयको प्राथमिकताबारे उल्लेख गर्दै अब बन्ने शिक्षा ऐन तथा राष्ट्रिय पाठ्यक्रम प्रारूपमा शारीरिक अपाङ्गता भएकाको मुद्दालाई समावेश गरेर लैजान विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रिय अपाङ्ग महासङ्घका अध्यक्ष देवीदत्त आचार्यले अपाङ्गता भएका बालबालिका र शिक्षकमैत्री पाठ्यक्रम निर्माण गरी सोही आधारमा शैक्षिक गतिविधि सञ्चालन गरिनुपर्नेमा जोड दिनुभयो।

नेपाल नेत्रहीन सङ्घका अध्यक्ष शिशिर खनालले शिक्षा ऐन र पाठ्यक्रम प्रारूप दृष्टिविहीनमैत्री बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो।

## सभामुख अर्यालसँग नेपालका लागि अष्ट्रेलियाका राजदूतको शिष्टाचार भेट

काठमाडौँ। सभामुख डोल प्रसाद (डीपी)अर्यालसँग नेपालका लागि अष्ट्रेलियाका राजदूत साइमन अर्न्स्टले मंगलबार शिष्टाचार भेट गर्नुभएको छ। सङ्घीय संसद्, प्रतिनिधिसभाका सभामुखको कार्यकक्षमा भएको भेटवार्तामा नेपाल-अष्ट्रेलिया सम्बन्ध, संसदीय सहकार्य, जनस्तरीय सम्बन्ध तथा आपसी हितका विविध विषयमा छलफल भएको थियो।

भेटवार्तामा सभामुख अर्यालले सङ्घीय संसद्ले नेपाल-अष्ट्रेलिया संसदीयमैत्री समूह गठन गरेको जानकारी गराउँदै संसदीयमैत्री समूहलाई प्रभावकारी रूपमा परिचालन गरी दुवै देशका सांसदबीच नियमित आदानप्रदान र संस्थागत संलग्नता बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले साझा हितका क्षेत्रमा सहकार्य विस्तार तथा पारस्परिक समझदारी अभिवृद्धिका लागि संसदमैत्री समूहले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो।

सभामुख अर्यालले नेपालको सामाजिक-आर्थिक विकासमा अष्ट्रेलिया सरकारले लामो समयदेखि पुर्याउँदै आएको सहयोगको प्रशंसा गर्दै विशेषगरी अष्ट्रेलिया अवार्ड स्कलरसिप, क्षमता अभिवृद्धि तथा तालिमका अवसरमार्फत नेपालको मानव संशाधन विकासमा अष्ट्रेलियाले पुर्याएको योगदानप्रति आभार व्यक्त गर्नुभयो। भेटमा जनस्तरीय सम्बन्धलाई दुई देशबीचको सम्बन्धको महत्त्वपूर्ण आधारका रूपमा उल्लेख गर्दै सभामुख अर्यालले उच्च शिक्षाका लागि अष्ट्रेलिया नेपाली विद्यार्थीको प्रमुख गन्तव्य रहेको बताउनुभयो।

साथै, अष्ट्रेलियामा अध्ययनरत नेपाली विद्यार्थी तथा त्यहाँ बसोबास गर्ने नेपाली समुदायले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्नुभयो। भेटमा सभामुख अर्यालले राजदूतमार्फत अष्ट्रेलियाको प्रतिनिधिसभाका सभामुख मिल्टन डिकप्रति हार्दिक अभिवादन तथा शुभकामना व्यक्त गर्नुभयो। भेटवार्तामा राजदूत साइमन अर्न्स्टले नेपाल-अष्ट्रेलिया सम्बन्धलाई थप सुदृढ बनाउन संसदीय तहको सहकार्य तथा जनस्तरीय सम्बन्धको महत्त्वपूर्ण भूमिका रहने उल्लेख गर्नुभएको थियो। उहाँले नेपाल र अष्ट्रेलियाबीच शिक्षा, मानव संसाधन विकास, संसदीय सहकार्यलगायत क्षेत्रमा हुँदै आएको सहकार्यलाई आगामी दिनमा थप विस्तार गर्न निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## निशान छापको दुरूपयोग गर्ने एक जना पक्राउ

काठमाडौँ। प्रहरीले अनधिकृत तबरले नेपाल सरकारको निशान छापको दुरूपयोग गर्ने कार्यमा संलग्न रहेको अभियोगमा एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-२२ बस्ने रौतहट चन्द्रपुर नगरपालिका-२ घर भएका २९ वर्षीय दीपेन्द्र कर्माचार्य रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार निजलाई काठमाडौँ महानगरपालिका-२२ टेवहालबाट पक्राउ गरेको हो। प्रारम्भिक अनुसन्धानको क्रममा निजले नेपाल सरकारको स्वीकृति नलिई आर्थिक लाभ लिने उद्देश्यले सर्वसाधारणलाई झुक्यानमा पारी नेपाल सरकारबाट मान्यता प्राप्त जिपिएस ट्र्याकर डिभाइस रहेको भनी झुट्टा प्रचारप्रसार गरी व्यावसायिक प्रयोजनको लागि चीनबाट आयात हुने जिपिएस ट्र्याकर डिभाइसमा नेपाल सरकारको निशान छाप राख्न लगाइ, निशान छापको दुरूपयोग गरी जिपिएस ट्र्याकर बिक्री वितरण गरेको खुल्न आएको प्रहरीले जनाएको छ। प्रहरीले निजको साथबाट नेपाल सरकारको निशान छाप अङ्कित ५२ थान जिपिएस ट्र्याकर डिभाइस बरामद गरेको छ। निजलाई थप आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो।

जुवा खेलिरहेको अवस्थामा नगदसहित १६ जना नियन्त्रणमा प्रहरीले आज बिहान जुवा (कौडा) खेलिरहेको अवस्थामा नगद रु १३ लाख बढी र कौडासहित १६ जनालाई नियन्त्रणमा लिएर आज सार्वजनिक गरेको छ।

काभ्रेपलान्चोक, खानी खोला गाउँपालिका-६ का ४२ वर्षीय रेशमबहादुर घ्यावा, सिन्धुपाल्चोक, सुनकोसी गाउँ पालिका-३ का ३१ वर्षीय सुमन गिरी, दोलखा, सुरी गाउँपालिका-६ की ४५ वर्षीया हेमा गुरुङ, चितवन, कालिका नगरपालिका-९ की ४० वर्षीया शान्ता लामा, काभ्रेपलान्चोक, मण्डनदेउपुर नगरपालिका-१० का ४० वर्षीय नवराज नेपाल, सिन्धुपाल्चोक, सुनकोसी गाउँपालिका-४ का ३८ वर्षीय अमर तामाङ, नुवाकोट, ककनी गाउँपालिका-६ का ४० वर्षीय रमन लामा, नुवाकोट, ककनी गाउँपालिका-६ का ३७ वर्षीय नवीनकुमार लामा, सोही ठाउँका ३३ वर्षीय सन्तोष डङ्गोल, ३९ वर्षीय चित्रबहादुर लामा, ६२ वर्षीय मङ्गलबहादुर तामाङ, झापा, कनकाई नगरपालिका-५ का ४३ वर्षीय टीकाराम बराल, ललितपुर महानगर पालिका-१४ का ४८ वर्षीय उमेश चौधरी, नुवाकोट, शिवपुरी गाउँपालिका-६ का ३४ वर्षीय सुजन तामाङ, सिन्धुपाल्चोक, सुनकोसी गाउँपालिका-३ का ३५ वर्षीय सरोज गिरी तथा सिन्धुपाल्चोक इन्द्रावती गाउँ पालिका-९ का यसबहादुर तामाङ लाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो। मंगलबार अन्दाजी ६:१२ बजेको समयमा काठमाडौँ महानगरपालिका-२७ स्थित गाउँवेशी थकाली भान्साघरमा कौडा खेलिरहेको भन्ने सूचना आधारमा प्रहरी वृत्त दरवारमार्गबाट खटिएको प्रहरी टोली उक्त स्थानमा पुगी जाँच गर्दा हारजित हुने गरी जुवा (कौडा) खेलिरहेको अवस्थामा नियन्त्रणमा लिएको हो।

उनीहरूको साथबाट प्रहरीले कौडा थान १६ र नगद रु १३ लाख १७ हजार १२५ फेला पारी नियन्त्रणमा लिइ प्रहरी वृत्त दरबारमार्गबाट थप अनुसन्धान भइरहेको प्रवक्ता थापाले बताउनुभयो।

## बेपत्ता व्यक्तिको छानबिनलाई प्रभावकारी बनाइने

काठमाडौँ। बेपत्ता पारिएका व्यक्तिको छानबिनलाई प्रभावकारी बनाइने भएको छ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले बेपत्ता पारिएका व्यक्तिका उजुरी प्राप्त हुनासाथ उजुरीको छानबिन तथा सत्य अन्वेषणलाई प्रभावकारी बनाउने भएको हो। आज काठमाडौँमा आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा आयोगका सचिव ध्रुवकुमार चौहानले पीडित तथा पीडित परिवारको अधिकार र व्यक्तिको सरोकारलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्ने तथा आयोगबाट सम्पादन हुने कामलाई थप व्यवस्थित र परिणाममुखी बनाइने जानकारी दिनुभयो।

आयोगले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका काम, अनुसन्धान तथा छानबिनको अवस्था, उजुरीमाथि भएको कारबाही, पीडित तथा पीडित परिवारसँग गरिएको समन्वय, अभिलेख व्यवस्थापन लगायतको विषयमा जानकारी गराएको छ।

आयोग हाल पदाधिकारीविहीन अवस्थामा रहेको छ।

## युवाको सहकार्यबाट राज्यको भविष्य निर्माण गरिनुपर्ने

काठमाडौँ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका मुख्य सचेतक कवीन्द्र बुर्लाकोटी युवाको सहकार्यमा राज्यको भविष्य निर्माण गर्नुपर्ने धारणा राख्नुभएको छ।

मंगलबार प्रतिनिधिसभाको विशेष समयमा बोल्दै उहाँले अन्तरराष्ट्रिय युवा दिवसको विषयमा विचार राख्नुभएको थियो। यसै सर्न्दभमा उहाँले जेनजी आन्दोलनको पृष्ठभूमि युवा भएको स्मरण गर्दै नेपालको बदलिदो भविष्यका लागि युवा अपरिहार्य रहेको बताउनुभयो।

उहाँका अनुसार करिब ४३ प्रतिशत जनसङ्ख्या रहेको युवाका मुद्दालाई राजनीतिकको मूलधारमा ल्याउनु आवश्यक रहेको बताउनुभयो।

उहाँले सदनमा भन्नभयो, “आजको युवा पुस्ताले केवल मतदान गरेर मात्रै होइन, पुरानो राजनीतिक संस्कृतिमाथि प्रश्न उठाएर परिवर्तनको ढोका खोलेको छ।”

मुख्य सचेतक बुर्लाकोटीले युवाको समस्या बेरोजगारी मात्रै नभई लागुऔषध, मानसिक स्वास्थ्य, तनाव परामर्शको अभाव, निराशा र भविष्यप्रतिको अनिश्चिततालगायत रहेको बताउनुभयो। यी समस्याको समाधान गर्न आफ्नो पार्टी संवेदनशील रहेको बताउनुभयो।

## जेनजी आन्दोलनमा १७९ निकायका स्रेस्ता जले

काठमाडौँ। गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका १७९ निकायको स्रेस्ता जलेको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको मंगलबारको बैठकमा महालेखापरीक्षक तोयम रायले आन्दोलनमा स्रेस्ता क्षति भएका निकायको लेखापरीक्षण हुन नसकेको जानकारी दिनुभयो।

सह महालेखानियन्त्रक दीपक लामिछानेले जलेका निकायको गोश्वार भौचर सुरक्षित रहेकाले त्यसबाट स्रेस्ता कायम गर्न सकिने बताउनुभयो। ती निकायले आन्तरिक लेखापरीक्षण गरेर प्रतिवेदन दिएकाले त्यसबाट विषय खुल्ने उहाँले स्पष्ट पार्नुभयो। अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले मन्त्रालय अन्तर्गतको राजस्वको कुनै क्षति नभएको र कोष तथा नियन्त्रक कार्यालयको प्रणाली गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा सुरक्षित रहेको बताउनुभयो। बैठकमा आन्दोलनका क्रममा स्रेस्ता नष्ट भई लेखापरीक्षण हुन नसकेका कार्यालयका अनियमितता लाई माफी नदिन सांसदहरूले आग्रह गर्नुभएको छ। सांसद गणेशसिंह ठगुन्नाले लेखापरीक्षण गर्न ती निकायले के पहल गरे त्यसको जानकारी समितिमा आउनुपर्ने बताउनुभयो।

सांसद प्रेमलाल चौधरीले जेनजी आन्दोलन राजनीतिक दुर्घटना भएकाले कानुनी रूपमै लेखापरीक्षण हुन नसकेको विषयलाई समाधान गर्न सकिने बताउनुभयो। कति निकायले १० दिनसम्मको राजश्व पनि बैङ्कमा दाखिला गरेको नपाइएकाले त्यसमा जिम्मेवारलाई भने कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो। पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनले गत वर्ष भदौ २३ र २४ गतेको घटना कानुनले भनेअनुसार प्राकृतिक प्रकोप र दुर्घटना दुवै नभएकाले यस विषयमा के गर्ने भनी सरकारले नै दृष्टिकोण अघि सार्नुपर्ने बताउनुभयो। सांसद खगेन्द्र सुनारले करिब डेढ खर्ब क्षति भएको विषयलाई हल्का छलफलका आधारमा छोड्नु नहुने बताउनुभयो। सांसद महेन्द्रबहादुर शाहीले स्रेस्ता जलेकामध्ये चालु र पुँजीगत कति, कति बजेट थिए भन्ने खोज्नुपर्ने बताउनुभयो। सांसद विपीन कुमार आचार्यले सरकारी कार्यालयमा खरिदको दस्तावेज पनि हुने भएकाले खरिदसँग सम्बन्धित कम्पनी वा निकायसँग पनि त्यो सुरक्षित हुनसक्नेतर्फ पनि ध्यानाकर्षण गराउनुभयो। ती स्रोतबाट कागजात खोजी गर्न उहाँले सुझाव दिनुभयो। समिति सभापति भरतबहादुर खड्काले विधि अनुसार ती निकायको लेखापरीक्षण भएर आएपछि समितिमा छलफल हुने बताउनुभयो।

### मन्त्रिपरिषद् बैठकः

## सुनसरी र सिरहा घटनामा मृत्यु भएकालाई सहिद घोषणा



काठमाडौँ। सरकारले सुनसरी र सिरहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका चार जनालाई सहिद घोषणा गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्रकुमार मेहता तथा सिरहाका गनेशकुमार यादवलाई सहिद घोषणा गर्ने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो।

बैठकले वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा बाराका निर्मलकुमार उप्रेतीलाई नियुक्त गर्ने निर्णय गरेको छ। त्यस्तै, पोर्चुगल सरकारलाई काठमाडौँमा कन्सुलर कार्यालय खोल्न सहमति दिने निर्णय भएको सरकारका प्रवक्ता पोखरेलले जानकारी दिनुभयो। पूर्वमहालेखापरीक्षक टङ्कमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित ‘एनसेल’ को शेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णयसमेत बैठकले गरेको छ।

यसैगरी, मन्त्रिपरिषद् बैठकले नेपालभित्र पैठारी वा उत्पादन हुने विद्युतीय एम्बुलेन्स तथा शववाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क र मूल्य अभिवृद्धि कर पूर्णरूपमा छुट दिने निर्णय गरेको छ।

# न्यायमा नागरिकको पहुँच विस्तार गर्न कानुनी सहायता प्रणाली डिजिटल बनाइँदै : कानुनमन्त्री गौतम

काठमाडौँ । कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले नागरिकको न्यायमा पहुँचलाई थप प्रभावकारी बनाउने दिशामा सरकार अघि बढिरहेको बताउनुभएको छ ।

राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको विधायन कार्यान्वयनमापन अध्ययन सिफारिस उपसमितिमा मंगलबार भएको छलफलमा मन्त्री गौतमले संविधानको धारा २० ले न्यायसम्बन्धी हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरे पनि उक्त अधिकार व्यवहारमा नागरिकको घरदैलोसम्म पुग्नुपर्ने धारणा राख्नुभयो । कानुनी सहायता प्रणालीलाई डिजिटल र नागरिक केन्द्रित बनाउन सरकार अघि बढिरहेको उहाँको भनाइ थियो । मन्त्री गौतमले कानुनी सहायता आवश्यक पर्ने व्यक्ति र सहायता प्रदान गर्ने कानुन व्यवसायी तथा संस्थाबीच समन्वय गर्ने प्रभावकारी रूपमा विस्तार गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । हाले कानुन व्यवसायीहरूसँग गरिएको छलफलमा कानुन व्यवसायीले वार्षिक रूपमा हेर्ने मुद्दाको अनुपातका आधारमा प्रोबोनो सेवालाई अनिवार्य बनाउने कि भन्ने सुझावसमेत आएको मन्त्री गौतमले उल्लेख गर्नुभयो । उक्त प्रणालीमार्फत कानुन व्यवसायीले गरेको योगदानको अभिलेख राखिने र भविष्यमा त्यसलाई पुरस्कार र प्रोत्साहनको आधार बनाउन सकिने मन्त्री गौतमको भनाइ थियो । छलफलका क्रममा कानुनी सहायता सेवा रोजगारी हो वा सेवा भन्ने विषयमा गम्भीर बहस भएको थियो । कानुनी सहायता सेवालाई दीर्घकालीन जागिरका रूपमा अघि बढाउने वा वैतनिक कानुन व्यवसायीमार्फत सञ्चालन गर्ने विषयमा



छलफल भएको थियो । मन्त्री गौतमले कानुनी सहायता सम्बन्धी नियमावली, २०५५ मा वार्षिक रू ४० हजारभन्दा कम आम्दानी भएका व्यक्तिले कानुनी सहायता पाउने व्यवस्था रहेको उल्लेख गर्दै यस्तो न्यून आय सीमा कायम रहँदा न्यायमा पहुँच सीमित हुन सक्ने बताउनुभयो ।

# गायिका पुजनको तिजको लहर आउँदा बरिलै गीत सार्वजनिक

काठमाडौँ । गायिका पुजन काफ्लेको तिज गीत 'तीजको लहर आउँदा बरिलै' सार्वजनिक भएको छ । पुजन काफ्ले युट्युब च्यानलबाट सार्वजनिक गीतमा शब्द र स्वर पुजन काफ्लेको रहेको छ भने सङ्गीत जीआर बानियाँको रहेको छ ।




तिज पर्व नजिकिँदै गर्दा माइती, आमा-बाबु र दाजुभाइप्रतिको चेलीको भावनालाई समेटिएको नयाँ तिज गीतले तिजलाई नारीको पर्वका रूपमा चित्रण गर्दै माइतीसँगको आत्मियता, बाल्यकाल का सम्झना र परिवारप्रतिको प्रेमलाई मुख्य विषय बनाएको छ ।

गीतमा आमाले पकाएको खानादेखि माइतीको घरप्रतिको मोहसम्मलाई भावनात्मक रूपमा प्रस्तुत गरिएको छ । 'रातो चुरा, सिन्दुर, पोते, रातो साडी' लाई तीजको सांस्कृतिक पहिचानसँग जोड्दै गीतले तिजलाई महिलाका लागि विशेष दिनका रूपमा चित्रण गरेको छ । दिदीबहिनी तथा साथीसँग भेटघाट हुने र बाल्यकालका दिन सम्झने अवसरका रूपमा पनि गीतले तिजको चित्रण गरेको छ ।

श्रीमान्ले किनिदिएको साडी लगाएर सजिएर नाच्न आएको प्रसङ्गमार्फत वैवाहिक जीवन र तिजको उल्लासलाई समेत गीतमा समेटिएको छ । गीतको अर्को भावनात्मक पक्ष आमाप्रतिको माया हो । आमाले हाँस्दा हाँस्ने र रुँदा रुने भएकाले आमाको गुण कसरी तिर्ने भन्ने भाव गीतमा व्यक्त गरिएको छ । त्यस्तै, छोरीको चिन्ता गरेर बस्ने बाबुको माया र बाबुकै आँगनमा खुसी हुने दिनको सम्झनाले माइतीप्रतिको चेलीको भावनालाई उजागर गरेको छ ।

दाजुभाइप्रतिको चेलीको चिन्ता र परदेशमा रहेका भाइको सम्झनाले गीतलाई अझ भावुक बनाएको छ । रोजगारी तथा अन्य कारणले परिवारबाट टाढा रहेका दाजुभाइलाई सम्झँदै चेलीको मनमा उत्पन्न हुने पीडालाई गीतले समेटेको छ ।

# खानी तथा खनिज पदार्थ विधेयक निर्णयार्थ पेश हुन सकेन

काठमाडौँ । गणपूरक सङ्ख्या नपुग्दा प्रतिनिधिसभाको मंगलबारको बैठकमा खानी तथा खनिज पदार्थ विधेयक, २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस हुन सकेन । सो प्रस्ताव अर्को बैठकमा निर्णायार्थ पेस गरिने भएको छ ।

नेपालको संविधानको धारा ९४ अनुसार कुनै पनि प्रश्न वा प्रस्ताव निर्णायार्थ पेस गर्न प्रतिनिधिसभाको एक चौथाइ सदस्य अर्थात् ६९ हुनुपर्नेमा ६१ मात्रै सदस्य भएकाले सो विधेयक अर्को मितिमा निणायार्थ पेस गरिने भएको सभामुख डोलप्रसाद अर्यालले जानकारी दिनुभयो ।

बैठकमा सांसद निश्कल राईले गणपुरक सङ्ख्या नपुगेको भन्दै सभामुखको ध्यानाकर्षण गराउनुभएको थियो । सभामुख अर्यालले संसद्मा ३ मिनेट घण्टी बजार गणपुरक सङ्ख्या यकिन गर्नका लागि निर्देशन दिनुभएको थियो ।

सभाको अर्को बैठक आगामी भदौ १ गते १:०० बजे बस्ने कार्यसूची रहेको छ ।

त्यसअघि उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो ।

सांसदहरूको जिज्ञासा एवं प्रश्नको जवाफमा मन्त्री कुमारीले नेपालको संविधानले खानी सम्बन्धित विषयमा सङ्घ, प्रदेश र स्थानीय तहमा अधिकार बाँडफाँड गरेको बताउनुभयो । "अहिले विद्यमान रहेको खानी ऐन, २०४२ लाई वर्तमान संविधान बमोजिम समयसापेक्ष र संशोधन र परिवर्तन गर्न आवश्यक भएर नै नयाँ विधेयक अघि सारिएको हो", उहाँले भन्नुभयो, "आधुनिक खनिज क्षेत्रलाई पारदर्शी र प्रतिस्पर्धी र लगानीमैत्री बनाउनको लागि यो विधेयक तर्जुमा गरेर संसद्मा पेस गरिएको हो ।" मन्त्री कुमारीले प्रस्तावित विधेयकमा खनिज सरकारी सम्पत्ति हुने र तीन वटै सरकारको अधिकार पनि स्पष्ट पारिएको बताउनुभयो । "रणनीतिक र सामरिक महत्त्वको खनिज घोषणा गर्न सक्नेछ", उहाँले भन्नुभयो, "सामरिक महत्त्वको खनिजको लागि सरकारबाटै छुट्टै प्रकृतिको कानुनी र सुरक्षाको प्रबन्ध गरिनेछ ।"

उक्त प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा सांसदहरूले खनिज क्षेत्रको विकाससँगै स्थानीय समुदायको अधिकार, वातावरण संरक्षण, लगानीको सुनिश्चितता तथा रणनीतिक महत्त्वका खनिजको उपयोगसम्बन्धी विषय उठाउनुभएको थियो । छलफलमा नेपाली कांग्रेसका प्रमुख सचेतक बासना थापाले विधेयकमा जरिवाना बढाउनुका साथै प्रशासनिक अधिकारीलाई अभियोग लगाउने, प्रमाण जाँच्ने र सजाय तोक्ने अधिकार दिनु प्राकृतिक न्याय तथा 'ड्यु प्रोसेस' को सिद्धान्तविपरीत हुने बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले कानुनी परीक्षणका दृष्टिले विधेयक प्रभावकारी बन्नुपर्ने बताउनुभयो ।

खानी क्षेत्रको ठेक्का लगाउने अधिकार, स्थानीय तथा प्रदेश तहको अधिकार र केन्द्रमा अधिकार ल्याउँदा सङ्घीय संरचना अनुकूल हुने विषय स्पष्ट गर्नुपर्ने उहाँले बताउनुभयो । नेपाली कम्युनिष्ट पार्टीका सांसद वर्षामान पुनले तीन तहका सरकारको अधिकार बाँडफाँडका आधारमा विधेयकका प्रावधान मिलाउनुपर्ने बताउनु भयो । रणनीतिक तथा सामरिक महत्त्वका खनिजको अन्वेषण वा उत्खनन विदेशी कम्पनीलाई दिने अवस्थामा दुई तिहाइको प्रावधान राख्नुपर्ने उहाँको सुझाव थियो ।

नेकपा (एमाले) का सांसद पद्माकुमारी अर्यालले खानी तथा खनिज सम्बन्धी परियोजनामा स्थानीय समुदायको रोजगारी, सीप विकास र पूर्वाधार निर्माणलाई अनिवार्य रूपमा जोड्नुपर्ने बताउनुभयो ।

# उपहार कार्यक्रमका विजेताको नाम सार्वजनिक

काठमाडौँ । आन्तरिक राजस्व विभाग, करदाता सेवा शाखा लाजिम्पाटलक यही साउन १ देखि १५ गतेसम्म सञ्चालन गरेको करदाता प्रोत्साहन उपहार कार्यक्रमका विजेताको नाम सार्वजनिक गरेको छ ।

कार्यक्रमअन्तर्गत बम्पर उपभोक्ता पुरस्कारतर्फ हेमराज जोशी विजेता बनेका छन् । उनले रु १० लाख जितेका छन् । विजेता उपभोक्ता पुरस्कारतर्फ १३ जना छनोट भएका छन् ।

छनोट हुनेमा अनिषा फौदार खनाल, अमित राई, नरेन्द्रबहादुर विके, हिमाल अर्याल, राजकुमार लामिछाने, अर्जुनकुमार न्यौपाने, सपना न्यौपाने खरेल, सञ्जय श्रेष्ठ, मनोज सिंह, किरण सुनुवार, प्रवीण कँडेल, एकता शर्मा श्रेष्ठ र सहारा गुरुङ रहेका छन् । विजेता उपभोक्तामध्ये दुई वटा कुपनका विषयमा थप छानबिन गर्नुपर्ने भएकाले तत्काल समावेश नगरिएको विभागले जनाएको छ । छनोट भएका विजेता उपभोक्ताका सम्बन्धमा करदाता प्रोत्साहन उपहार कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ को दफा ९ बमोजिमको प्रक्रिया पूरा भएपछि मात्र पुरस्कार वितरण गरिने विभागले जनाएको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेको उपस्थितिमा अर्थ मन्त्रालयमा यही साउन २२ गते करदाता प्रोत्साहन उपहार कार्यक्रमका पहिलो चरणका विजेता कुपन घोषणत गरिएको थियो ।

# ललितकला प्रज्ञा प्रतिष्ठानका पदाधिकारीको सपथ

काठमाडौँ । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका नवनियुक्त पदाधिकारीहरूले पद तथा गोपनीयताको सपथ लिनुभएको छ ।

नवनियुक्त पदाधिकारीहरूलाई कुलपति एरिणा ताम्राकारले प्रतिष्ठानको कार्यालय, नक्सालमा सपथ ग्रहण गराउनुभएको हो । कुलपति ताम्राकारले यही साउन २२ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल समक्ष शपथ ग्रहण गर्नुभएको थियो । कुलपति ताम्राकारले उपकुलपति चन्द्रश्याम डङ्गोल, सदस्य सचिव कैलाशकुमार श्रेष्ठ, परिषद् सदस्यहरू क्रमशः जुपिटर प्रधान, कुविर देवान, सङ्गी श्रेष्ठ, ध्रुवराज शर्मा, ओमप्रकाश यादव र विणा पौड्याललाई सपथ गराउनुभएको हो । यसैगरी प्रतिष्ठानको प्राज्ञसभा सदस्यहरूमा भुवन थापा, सुनिता राणा, दलबहादुर गुरुङ, उजय बज्राचार्य, मीना कायस्थ, इन्दिरा श्रेष्ठ, रञ्जुकुमारी यादव, इसान परियार, विष्णुप्रसाद श्रेष्ठ, इन्द्रप्रसाद शिल्पकार, दिपक आउजी, नारायणबहादुर गुरुङ, हरिओम मेहता कोइरी, छेवाङ लामा, नम्रतासिंह दनुवाले सपथ लिनुभयो । मन्त्री पौडेलको अध्यक्षतामा गठित सिफारिस समितिको सिफारिस बमोजिम प्रधानमन्त्री बालेन्द्र शाहले यही साउन १९ गते तीनै वटा प्रज्ञा प्रतिष्ठानका कुलपतिसहित पदाधिकारीलाई मनोनयन गर्नुभएको थियो ।

# जेठी आमा शाहीको ११७ वर्षको उमेरमा निधन

कर्णाली । कर्णाली 'जेठी आमा' भनेर चिनिने कालु शाहीको ११७ वर्षको उमेरमा निधन भएको छ । तिला गाउँपालिका-४ जुम्ला साँपुल्ली गाउँ निवासी शाहीलाई स्थानीयस्तरमा कालु जेज्या (कालु जेठी आमा) पनि भन्ने गरिन्थ्यो ।

विसं १९६६ मा सोही वडाको नुवाकोट गाउँमा जन्मनुभएकी शाहीको उहाँकै निवासमा सोमबार निधन भएको स्थानीय ८३ वर्षीय ज्येष्ठ नागरिक वीरबहादुर सिंहले जानकारी दिनुभयो ।

सिंहका अनुसार एकल जीवनबाट सङ्घर्ष गर्दै आउनुभएकी उहाँले ६७ वर्षअघि आफ्नो पति गुमाउनुभएको थियो । दुई छोरामध्ये जेठो मानसिंह शाहीको २० वर्ष, छोरी राजु शाहीको १३ वर्ष र कान्छो छोरा धनमल शाहीको सात वर्षअघि निधन भएको थियो ।

पति, एक छोरी र दुई छोराको बिछोडको वियोगलाई शक्तिमा बदलेर जीवन चलाउँदै आउनुभएकी शाही दुई दिनको ज्वरो रोगबाट मृत्यु भएको उहाँका नाती लङ्कबहादुर शाहीले बताउनुभयो । आफ्नो जीवनकालमा नाति, पनाति र जनातिसम्म देखेर ११७ वर्षको उमेरमा देहत्याग गर्ने शाही कर्णालीको इतिहासमा सबैभन्दा जेठो महिला भएको बताइएको छ ।

कूल ४६ वर्ष आयु भएका कर्णालीका नागरिकहरूमा शाही लामो आयु लिएर बाँच्ने पहिलो महिला हो । शाहीको सोमबार नै दाहसंस्कार गरिएको नाती लंकबहादुरले जानकारी दिनुभयो ।

# एमाले र नेकपाद्धारा प्रदेश सरकारमा मन्त्रालय बाँडफाँटको आधार तय

काठमाडौँ । नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बीच प्रदेश सरकारमा सहकार्य गर्ने सन्दर्भमा भएको तीन बुँदे सहमति कार्यान्वयन गर्न मन्त्रालय बाँडफाँटको प्रस्तावित आधार तय गरेको छ ।



एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा हस्ताक्षरित विज्ञप्तिमा प्रदेश सरकार गठन गर्दा सम्बन्धित प्रदेशसभामा सामान्यतया प्रत्येक दलको सिट सङ्ख्यालाई मुख्य आधार मानिने जनाइएको छ ।

मन्त्रालय बाँडफाँट गर्दा भने सामान्यतया दलहरूको प्रदेशसभा सदस्य सङ्ख्याको अनुपातलाई आधार बनाइने प्रस्ताव गरिएको छ । मुख्यमन्त्री तथा सभामुखको जिम्मेवारीलाई समेत शक्ति सन्तुलनमा गणना गरिने उल्लेख छ । मन्त्रालय बाँडफाँटमा पालैपालो प्राथमिकता दिने व्यवस्था अपनाइने प्रस्ताव छ । जसअनुसार पहिलो मन्त्रालय मुख्यमन्त्रीको जिम्मेवारी नलिने दलले छनोट गर्ने र दोस्रो मन्त्रालय मुख्यमन्त्री रहने दलले छनोट गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

त्यसपछि यही क्रम पालैपालो दोहोर्याउँदै सबै मन्त्रालयको बाँडफाँट गरिने दुई दलले जनाएका छन् । यही साउन ९ गते दुई दलबीच प्रदेश सरकारहरूको नेतृत्वका सम्बन्धमा शीर्ष तहमा सहमति भएको थियो ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website : epratyush.com